# साइनो : सैद्धान्तिक विमर्श

**शेखर अर्याल***

**लेखसार**

*प्रस्तुत लेख नेपाली साहित्यको नेपाली सूत्र कविता साइनोको सैद्धान्तिक विमर्शसँग आबद्ध रहेको छ । यसमा साइनो सूत्र कविताको सैद्धान्तिक विमर्शका साथै यसको उत्पत्ति, सिद्धान्त, परिभाषा, रचनाविधान र घटकतत्त्वको चिनारी दिने प्रयत्न गरिएको छ । व्यङ्ग्यात्मक ढङ्गबाट सिर्जनात्मक तरिकाले सम्बन्धित विषयलाई छोटोछरितो रूपमा प्रस्तुत हुने साइनोको विकासक्रमलाई हेर्ने हो भने लामो इतिहास बनेको छैन । वि.सं. २०७६ साल साउन १६ गते परिकल्पना गरिएको साइनोको इतिहास लामो नभए पनि यसको आधार प्रस्ट रूपमा कोरिएको छ । साहित्यका सन्दर्भमा हेर्दा लामो इतिहास नबोकेको साइनोको व्यवस्थित अध्ययन हुन नसकेको अवस्थामा यसको व्यवस्थित र तथ्यपरक अध्ययन हुनु वाञ्छनीय रहेको छ । यसैलाई आधार मानेर साइनोको यो सैद्धान्तिक विमर्शको खाका कोरिएको हो । नेपाली वाङ्मय क्षेत्रमा नवप्रतिभाका रूपमा आएको साइनोसम्बन्धी धारणालाई परिभाषाका रूपमा उल्लेख गरिएको छ । मूल रूपमा यो लेख साइनोको सैद्धान्तिक विमर्शमा केन्द्रित रहेको छ । यसमा मुख्य गरी सैद्धान्तिक विमर्शभित्र साइनोको उत्पत्तिगत आधार, परिचय, परिभाषा, संरचनात्मक विधान र साइनोका लागि आवश्यक घटकतत्त्वलाई समावेश गरिएको छ । यिनै विषयलाई थप पुष्टि गर्नुका साथै घटकतत्त्वगत विषयलाई उदाहरणद्वारा पुष्टि गरी यस लेखको निचोड निकालिएको छ ।*

**शब्दकुञ्जी**

उत्पत्तिगत आधार, सम्प्रेषण, संरचनात्मक विधान, घटक ।

**विषयपरिचय**

गद्य वा पद्यमा रचिएका शास्त्र तथा काव्य समस्त भाषाबद्ध रचनाहरूको समूह वाङ्मय हो । भाषाले एक पक्षको मात्र चित्रण नगरी मानव जीवनजगत्का समग्र पक्षको सजीव चित्रण गरेको हुन्छ । यो एउटा समन्वय र सन्तुलित जीवनशैली कायम गर्ने महत्त्वपूर्ण विषय हो । यसले सृष्टिको आरम्भदेखि नै निरन्तर अग्रसर रही सभ्य समाजको निर्माणमा गतिशीलता प्रदान गर्दै आएको छ । नेपाली भाषामा प्रचलित शब्द 'साइनु' नै साइनो हो । नाताबोधक शब्द साइनुले

* अध्यापक, नमुना मच्छिन्द्र मा.वि. ललितपुर ।

आफन्तजनलाई जनाउँछ। यसरी कविताको उपविधा साइनोले सूत्रात्मक ढङ्गबाट व्यक्ति व्यक्तिबिचको सम्बन्ध देखाउन, व्यक्ति समाज अनि समाज र राष्ट्रबिचको सम्बन्ध स्थापित गर्नुका साथै मानव जीवनजगत्का अनुभूतिलाई स्थापित गर्ने एक साहित्यिक कवितात्मक विधा हो। यो तीन पङ्क्ति वा त्रिपदीय शब्दगुच्छामा चौबिस अक्षरमा संरचित हुन्छ। प्रत्येक पङ्क्तिको स्वतन्त्र अर्थ रहने र तीन ओटै पङ्क्तिको समुच्चय एउटै गहन अर्थ प्रदान गर्ने व्यङ्ग्यचेतना प्रवाह गर्ने स्वरूप हो। सात, आठ र नौ अक्षरका तीन पङ्क्तिले मानव मनमस्तिष्कलाई झट्का प्रदान गर्ने हुनाले यसलाई व्यङ्ग्ययुक्त कवितात्मक सिर्जना मानिन्छ। थोरैमा धेरै विषय समाहित गरी आस्वाद्य बनाउने आफैँमा पूर्ण संरचना भएको साहित्यिक विधाका रूपमा साइनोलाई लिन सकिन्छ। साहित्यिक रस प्रदान गर्ने छोटो, परिष्कृत, संरचनायुक्त रचना जो पाठकप्रति अभिलक्षित रहन्छ, यस रचनाले कवितामा लय, भाव, बिम्ब र प्रतीकको समिश्रण गराएको हुन्छ।

साइनो कविताको उपविधा हो। यसका बारेमा विभिन्न साइनोकार छायादत्त न्यौपाने केशव ज्ञवाली 'आगत', खेमलाल पोखरेल, सीता पन्थी सुवेदी, बालकुमार क्षेत्री, कृष्ण पौडेल, शेखर अर्याल, सुरेश काफ्ले 'विदारक', धतानन्द शर्मा, बाबुराम न्यौपाने 'उत्स', महानन्द ढकाल, मिना डाँगी, सुरेन्द्र शाही, शेखरकुमार श्रेष्ठलगायतका साइनोकारहरूले परिभाषित गरेका छन्। छायादत्त न्यौपाने र केशव ज्ञवालीद्वारा त साइनोको सैद्धान्तिक पक्षलाई समेत *साइनो सारथी, पाल्पाली साइनो, हिपत* पत्रिका, *शृङ्खला* साहित्यिक मासिक, *शब्द संयोजन* साहित्यिक मासिक, *प्रहरी* द्वैमासिक, *जनमत* मासिकलगायतका पत्रपत्रिकामा प्रकाशित गरिएको छ। प्रस्तुत सन्दर्भमा साइनोको सैद्धान्तिक पक्ष केकस्तो छ ? यसको उत्पत्ति केकसरी भयो ?, यसको रचनाविधान केकस्तो छ ? साइनोका आवश्यक तत्त्वहरू केके हुन् ? भन्ने कुराको खोजी गर्नु नै प्रस्तुत लेखको मुख्य अनुसन्धेय विषय हो।

## अध्ययनको विधि

प्रस्तुत लेख साइनोको सैद्धान्तिक विमर्शमा आधारित रहेको छ। यस लेखका लागि आवश्यक सामग्रीहरूको सङ्कलन पुस्तकालयीय विधिका आधारमा तय गरिएको छ। यसका साथसाथै विभिन्न पत्रपत्रिका *साइनो सारथी, साइनो सौरभ, शब्दाङ्कुर* साहित्य मासिक, *शृङ्खला* साहित्य मासिक, *अग्निचक्र* राष्ट्रिय मासिक, *हिपत* पत्रिकामा छापिएका लेख तथा रचनाहरूको अध्ययन गरिएको छ। त्यसबाट आवश्यक पर्ने तथ्य तथा महत्त्वपूर्ण कुरालाई आत्मसात् गरिएको छ। प्रस्तुत लेखमा मुख्यतया द्वितीयक स्रोतका सामग्रीहरूको उपयोग गरिएको छ। यसका साथै साइनोलाई परिभाषित गर्ने विज्ञहरूका परिभाषाहरूलाई प्राथमिक स्रोतका रूपमा प्रयोग गरिएको छ। यसमा प्रयोग गरिएका व्याख्या तथा विश्लेषणात्मक विषयलाई तथ्यपरक ढङ्गबाट प्रस्तुत गरिएको छ।

## साइनोको उत्पत्तिगत आधार

साइनो ऐतिहासिक पृष्ठभूमिबाट निर्मित कविता होइन। यो त मानव मस्तिष्कबाट स्वतस्फूर्त रूपमा जन्मिएको संरचित रचना हो। यस रचनाको जन्म भएपश्चात् नामकरण गर्दा 'साइनो' शब्दमार्फत नामको आरम्भ गरियो। साइनोको रचना वि. सं. २०७६ साउन १६ गते छायादत्त न्यौपाने 'बगर' ले परिकल्पना गरी सर्वप्रथम फेसबुकमार्फत सार्वजनिक गरिएको कवितात्मक रचना हो।

मान्छे छैन इमानी
न सहरमा छ धन
न त झोपडीमा पिसानी। (न्यौपाने, २०७६/४/१६)

सर्वप्रथम सामाजिक सञ्जालमार्फत आरम्भ भएको यो पहिलो साइनो सिर्जना हो । यस सिर्जनापछि सञ्जालमा बाहिर आउनासाथ छलफलमा सहभागी भई आउने पहिलो स्रष्टा केशव ज्ञवाली देखा परे । यसरी छायादत्त न्यौपाने र केशव ज्ञवालीद्वारा यसलाई विस्तार गरियो । नेपाली माटोमा बीजारोपण भएको साइनो छोटो समयमा अन्तर्राष्ट्रिय भूगोलमा फैलिसकेको छ । सूत्रात्मक अभिव्यक्तिका रूपमा परिचित साइनो नवीन साहित्यिक विधाका रूपमा अनुहार पुस्तिकाको रूपमा आएको हो । यसको विकाससँगै यो विभिन्न पत्रपत्रिका र कृति प्रकाशनमार्फत अगाडि बढेको छ ।

## साइनोको परिचय

नेपाली जनमानसमा प्रयोग हुने 'साइनु' शब्द नै साइनो हो । यस शब्दको शाब्दिक अर्थलाई *नेपाली बृहत् शब्दकोश*मा सम्बन्ध, नातागोता वा आफन्तसँगको घनिष्टता भन्ने बोध गराएको छ । साइनु मूलतः परिवार र आफन्तसँग मात्र सम्बन्ध कायम नगरी मानव, प्रकृति र वस्तुसँग पनि उत्तिकै साइनु बाँधेको छ । साइनो सूत्रात्मक शैलीले व्यक्ति-व्यक्ति, व्यक्ति-समाज, समाज, राष्ट्र र साहित्य सिर्जनासँगको सम्बन्धलाई जीवनजगत्को अनुभूतिजन्य सम्बन्ध स्थापित गर्ने क्रममा अगि बढेको साहित्यको विधाविशेष हो । यो साहित्यको चर्चित विधा कविताको नवीन प्रयोग हो । (न्यौपाने, २०७७, पृ. १०)

साइनो कविताको नवीन प्रयोग भएकाले यसको स्वरूप पनि फरक ढङ्गको छ । कविता साहित्यको उपविधा मानिने साइनो छोटो गद्य कविता हो । यो नेपाली माटोमा सिर्जित रचना हो । छोटो समयमा पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा पुग्न सफल साइनोका परिकल्पनाकार छायादत्त न्यौपाने हुन् । यसलाई आत्मसाथ गर्दै धेरै व्यक्ति यसको विकासका लागि अगाडि बढेका छन् । साइनो साहित्यको एक व्यङ्ग्यात्मक कविताको उपविधा हो । यसले समाज, देश तथा अन्तर्राष्ट्रिय घटनालाई व्यङ्ग्यशैलीमा प्रस्तुत गर्दछ । यो तीन हरफको संरचनामा रचना गर्न सकिने सूत्रात्मक शैलीको एक सशक्त र धारिलो स्वरूप हो । स्वतन्त्र तथा व्यङ्ग्यभावबाट बढी प्रभावित यस साइनो कवितामा भावको सम्प्रेषण रहेको हुन्छ ।

साइनोले थोरै शब्दमा पृथक् ढङ्गको रसास्वादन गराउँछ । मानव मस्तिष्कलाई एक खालको गहन आभास दिलाई व्यङ्ग्य प्रदान गर्दछ । यस रचनाले समाजमा विद्यमान विकृति, विसङ्गति, अन्याय, अत्याचार, कुसंस्कार, कुरीति, लैङ्गिक विभेद, जातीय विभेद, घोचपेच तथा सामाजिक प्रभावलाई सम्प्रेषण गर्दछ । साहित्यिक मूल्यबोध गराउने छोटो तथा परिष्कृत लघु कविता साइनो हो । यसलाई रचना गर्न साधना चाहिन्छ तर पनि छोटो र सङ्क्षिप्त हुनाले कुनै पनि समयमा रचना गर्न भने सकिन्छ ।

## साइनोको परिभाषा

साइनो कविताको नवीन विधा हुनाले यसको अवस्था सुरुवाती चरणमै छ । आफ्नो पहिचान र स्वरूप निर्माण गर्दै परिचयमा पूर्णता प्राप्त गर्दै छ । हरेक साहित्यिक विधाको पूर्ण र सर्वमान्य परिभाषा त बन्न सक्दैन तर पनि त्यस विधाको निरन्तरता र जीवन्तता प्रदान गर्न विद्वान्का आआफ्नै विचार रहन सक्छन् । ती विचार नै परिभाषाका रूपमा रहन्छन् । साइनोका अभियन्ता तथा यसप्रति चासो राख्ने साइनोकारहरूका परिभाषाहरूलाई यहाँ प्रस्तुत गरिएको छ :

> मानव हृदय हुँदै मनमस्तिष्क हुँडलेर बाहिर आउने सात, आठ र नौ अक्षरे स्वतन्त्र शब्दगुच्छाका तीन पङ्क्तिको संरचनाले साहित्यिक स्वादयुक्त समुच्चय भाव व्यक्त गर्ने कवितालाई साइनो भनिन्छ । (न्यौपाने, २०७७, पृ. २३)

पहिलो सात, दोस्रो आठ र तेस्रो नौ अक्षरसमूहका स्वतन्त्र तीन पङ्क्तिका अर्थवान् शब्दगुच्छाहरूसहित समुच्चयमा मनमस्तिष्कलाई झङ्कृत पार्ने भावयुक्त गहन कविता नै साइनो हो । (ज्ञवाली, २०७७, पृ. २४)

नेपाली वाङ्मयभित्रको कविता/काव्य विधाअन्तर्गत उपविधाको रूपमा नेपाली माटोमै उम्रेको सात, आठ र नौ अक्षरका तीन शब्दगुच्छाहरूको माध्यमबाट काव्यिक भाव सम्प्रेषित गर्ने कवितालाई साइनो भनिन्छ । (पोखरेल, २०७७, पृ. २४)

कविताका विविध रूपमध्ये सङ्क्षिप्तमा गहन भाव सम्प्रेषण गर्ने सात, आठ र नौ अक्षरका तीन शब्दगुच्छामा संरचित नेपाली मौलिक सिर्जना नै साइनो हो । (सुवेदी, २०७७, पृ. २४-२५)

थोरै शब्द लगानीबाट साहित्यिक सुवास छर्दै चोटिलो भावले मानव हृदयलाई झङ्कार दिने चौबिस अक्षरका तीन पङ्क्तिका शब्दगुच्छाहरूको समूह साइनो हो । (क्षेत्री, २०७७, पृ. २३)

स्वतन्त्र र समुच्चय अर्थबोध गराउने सात, आठ र नौ अक्षरका तीन हरफमा संरचित मानव मनमस्तिष्कबाट मन्थन भएर प्रकट हुने आफैँमा पूर्ण भएको मौलिक सिर्जनात्मक साहित्यिक रचना साइनो हो । (अर्याल, २०७८, पृ. १५७)

शब्द सुन्दैमा आत्मीय र कर्णप्रिय लाग्ने साइनोले सात, आठ र नौ अक्षरमा रचिएर व्यापक अर्थबोध हुने गरी साहित्यिक रसास्वादन गराउँछ । (न्यौपाने, २०७७, पृ. २५)

कविता साइनो बौद्धिक भावले मनमस्तिष्कलाई मार्गनिर्देश गरी भाषिक तरलता, शैल्पिक सहजता, कलात्मक संरचना, छरितो प्रस्तुतिमा गहन अनुभूतिजन्य तीक्ष्णतासहितको सात, आठ र नौ अक्षरे तीन पङ्क्तिका स्वतन्त्र अनि समुच्च अर्थ दिने सूत्रात्मक नेपाली काव्यको मौलिक सिर्जनात्मक प्रविधा हो । (काफ्ले, २०७७, पृ. २५)

साइनो भनेको कविताको उपविधा सात, आठ र नौ अक्षर संरचनामा रचित स्वतन्त्र अर्थका तीन लाइन हुन् जसले समग्रमा पूर्ण र विशिष्ट अर्थ दिन्छ । (शर्मा, २०७७, पृ. २५)

स्वतन्त्र र लोकप्रिय नेपालीपन बोकेको शब्द साइनो पछिल्लो समय कविताको उपविधाका रूपमा देखिएको त्रिपदीय शैलीको साहित्यिक सात, आठ र नौ गरी तीन हरफमा लेखिने जम्मा चौबिस अक्षरीय गद्य कविता हो । (ढकाल, २०७७, पृ. २५)

माथिका विभिन्न विद्वान्हरूका परिभाषालाई नियाल्दा साइनो भनेको मनमस्तिष्कलाई मन्थन गरेर स्वतन्त्र र समुच्चय अर्थबोध गराई सात, आठ र नौ अक्षरका तीन हरफमा संरचित भएको मानवहृदयलाई आह्लादित तुल्याउने आफैँमा पूर्ण भएको एक मौलिक सिर्जनात्मक छोटो कविता हो भन्ने सार निस्कन्छ ।

## साइनोको संरचनात्मक विधान

साइनो सूत्रात्मक गद्य कविता हो । यसको आफ्नै खालको स्वतन्त्र संरचना रहेको छ । संरचनात्मक रूपमा हेर्दा साइनोमा पहिलो पङ्क्ति वा गुच्छामा सात पूर्ण अक्षर रहेका हुन्छन् भने दोस्रो पङ्क्ति वा गुच्छामा आठ पूर्ण अक्षर रहेका हुन्छन् । त्यस्तै तेस्रो पङ्क्ति वा गुच्छामा नौ पूर्ण अक्षर समावेश हुन्छन् । यसरी तीन पङ्क्तिमा जम्मा चौबिस अक्षरबाट साइनो संरचित हुन्छ । तीन गुच्छामा रहेका हरेक पङ्क्तिको स्वतन्त्र अर्थ रहेको हुन्छ । तीनै गुच्छाले स्वतन्त्र अर्थ प्रदान गरे पनि जुन पाठकको मस्तिष्कमा अमिट छाप बसाल्न सक्दछ, त्यो साइनो उत्कृष्ट सिर्जना बन्न जान्छ ।
साइनोमा प्रयोग गरिएको सात अक्षरले सात बारभित्र भए गरेका घटना, आठ अक्षरले आठै दिशाका

विषयवस्तु र नौ अक्षरले साइनोमा उठान गरेका विषयवस्तुलाई नवरसको माध्यमबाट पाठकमा रस उत्पत्ति गर्ने भन्ने साङ्केतिक भाव व्यक्त गर्दछ । यसरी सिर्जना भएको साइनोमा सात, आठ र नौ गरी जम्मा चौबिस अक्षरले प्रत्येक दिनको चौबिस घण्टाभित्रको विषयवस्तु नै समेटेको हुन्छ भन्ने भाव व्यक्त गर्दछ (न्यौपाने, २०७७, पृ. १३) । यसरी हेर्दा पनि साइनोले कुनै पनि समयमा घटित विषयवस्तुलाई रसास्वादनयुक्त ढङ्गबाट अभिव्यक्त गर्न सक्दछ भन्ने कुरा प्रस्ट हुन्छ ।

साइनोको संरचनात्मक पक्षलाई केलाउँदा भावअनुसारकै शीर्षक चयन गर्नु वाञ्छनीय हुन्छ । भावअनुसारकै चिह्न प्रयोग हुनु आवश्यक छ । साइनो तीन पङ्क्तिमा पूर्ण भएको सङ्कथन हुनाले आफैँमा पूर्ण हुने हुँदा अन्त्यमा पूर्णता अर्थात् पूर्णविरामको प्रयोग गर्नु उचित हुन्छ । तर पनि यसमा भावअनुसारको व्यङ्ग्यप्रश्न वा उद्गार गर्नुपर्ने परिस्थिति भएमा सो चिह्नको पनि प्रयोग भई पूर्णता दिन सक्छ ।

हात सानो छ मेरो
आकाशका खुसी टिप्छु
आकाश अलि तल झार ! (ज्ञवाली, २०७७, पृ. ४५)

प्रस्तुत साइनोलाई हेर्दा अन्त्यमा उद्गार चिह्नले पूर्णता प्रदान गरेको छ ।

स्वार्थमा डुब्यो मन
संस्कार भयो रे वैरी
लोलीले सुन्दैन विवेक । (क्षेत्री, २०७७, पृ. ८)

प्रस्तुत साइनोमा अल्पविराम र पूर्णविराम चिह्नको प्रयोग भएको छ जसले साइनोलाई अन्तिममा पूर्णविराम दिई अन्त्य गराएको छ ।

साइनो जुन ढङ्गबाट अभिव्यक्त भए पनि यसले प्रदान गर्ने भाव व्यङ्ग्यात्मक, संवेगात्मक, भावात्मक अवस्थामा प्रकट हुन्छ । यसले व्यक्त गरेको भावले मानवमस्तिष्कलाई झट्का दिनुका साथै प्रभाव पार्न सक्नुपर्छ । साइनोमा सान्दर्भिक विषयलाई लिएर सन्देशात्मक ढङ्गले अभिव्यक्त गर्नु आवश्यक हुन्छ । यसले विविध मानवीय मूल्यमान्यता, प्राकृतिक अवस्था तथा सामाजिक परिवर्तनतर्फ उन्मुख हुँदै सभ्य समाजको निर्माण गर्ने सन्देश प्रवाह गर्दै खबरदारीतर्फ पनि उन्मुख रहन्छ ।

साइनोको वाचनकला अन्य विधाभन्दा पृथक् छ । कविता उपविधामा रहेको पद्य र गद्य स्वरूपलाई हेर्दा पनि यसको संरचनात्मक स्वरूप छोटो हुने हुँदा वाचनकला पक्ष पनि फरक रहेको छ । वाचनमा प्रत्येक शब्दगुच्छाको अन्त्यमा विश्राम हुन्छ । यसमा भाव वा विषयअनुसार पङ्क्ति दोहोऱ्याउँदै सम्प्रेषणात्मक ढङ्गबाट वाचन गर्दा उपयुक्त हुन्छ । स्वरलाई उच्च, मध्य र निम्न गर्दै तीन ओटै पङ्क्तिको उच्चारणलाई मिठास र प्रभावकारी बनाइन्छ ।

### साइनोका मूलभूत तत्त्वहरू

साइनो रचनाका लागि चाहिने आवश्यक सामग्रीहरू घटकतत्त्व हुन् । कवितालाई जस्तै साइनोलाई पनि निश्चित स्वरूप तथा आकार दिनका लागि विभिन्न तत्त्वहरू आवश्यक पर्दछन् । ती आवश्यक तत्त्व तथा अवयवहरूको योगबाट साइनोको संरचना निर्माण हुन्छ । कविताका तत्त्वहरू केके हुन् भन्ने बारेमा पूर्वीय तथा पाश्चात्य विद्वान्हरूबिच मतमतान्तर रहेका छन् तर साइनो नवीन विधा भएकाले यसका तत्त्वका बारेमा घनीभूत छलफल नभए पनि मूलभूत तत्त्व भने पहिचान भएका छन् । कविता विधामा मूल रूपमा भाव, लय, बिम्बविधान र भाषाशैलीलाई मुख्य तत्त्वका रूपमा लिइन्छ । साइनो पनि कविताकै उपविधा भएकाले यसमा पनि कविताकै तत्त्व

समावेश हुन्छन् । “साइनो कविता भएकाले कवितामा हुने बिम्ब, प्रतीक, लयादि तत्त्वहरूको अपेक्षा यसमा पनि गरिन्छ” (न्यौपाने, २०७७, पृ. १५) । यसरी साइनोमा लयात्मकता, विशिष्ट भाषाको प्रयोग, भाव वा विचारको अभिव्यक्ति, सौन्दर्यमूलकता प्रस्तुत भएको हुन्छ । साइनोका संरचक घटकहरू धेरै हुन सक्छन् तर महत्त्वपूर्ण घटकका रूपमा भाव वा विचार, विषयवस्तु, लयात्मकता, भाषाशैली, संरचना, बिम्ब, प्रतीक, अलङ्कार र सौन्दर्यात्मकता हुन् ।

### भाव वा विचार

भाव वा विचारलाई साइनोको मूल वस्तु मानिन्छ । यो साइनो कविताको एक प्रमुख तत्त्व हो । साइनोका तीन पङ्क्तिका फरकफरक अर्थ भए पनि समुच्चयमा एक मुख्य अर्थ प्रदान गर्दछन् । साइनोको विषयवस्तुअनुसार भाव वा विचार पनि फरक हुन सक्छन् । भाव वा विचारको उपस्थितिबिना साइनोको कल्पना हुन सक्दैन । कलात्मक वा बिम्बात्मक ढङ्गले भाव अभिव्यक्त भएको हुन्छ । उचित संयोजन गरी भाव अभिव्यक्त हुन सके साइनो उत्कृष्ट बन्दछ । मानवीय मनमस्तिष्कमा विशेष भाव पैदा गर्न सक्नुपर्छ । साइनोमा जीवनका मार्मिक एवं संवेदनात्मक पक्षका साथ सम्मिश्रण भएर प्रस्तुत भएका हुन्छन् । यही कारण साइनोमा मूल मेरुदण्डका रूपमा भाव वा विचारलाई लिइन्छ ।

जीवन यो लीला
धन बोल्यो सत्य मऱ्यो
ज्ञान त मर्दछ हाँसेर । (क्षेत्री, २०७७, पृ. ५२)

यस साइनोमा मानवीय जीवनमा रूप, धन र बल व्यर्थ भएको भन्दै यिनको नाश हुने कुरा गरेका छन् । यसका साथै धनको अगाडि सत्य र ज्ञानको मृत्यु हुने कुरा गर्नु साइनोको मूल भाव वा विचार हो ।

### विषयवस्तु

विषयवस्तु पनि साइनो निर्माणको एक अर्को महत्त्वपूर्ण तत्त्व हो । साइनो रचनाका लागि छनोट गरिएको वस्तु नै विषयवस्तु हो । विषयवस्तु साइनो रचनाको कच्चा सामग्री भए पनि महत्त्वपूर्ण छ । साइनोकार विषयवस्तु छनोटमा स्वतन्त्र भए पनि आफैँमा कलापूर्ण, उपयुक्त, आकर्षक, प्रभावपूर्ण खालको हुन्छ । विषयवस्तुले एउटा निश्चित स्वरूप दिन सक्नुपर्छ । साइनोको विषयवस्तु उपयुक्त, सशक्त र कलात्मक एवं जीवन्त हुनुपर्दछ ।

उज्यालो थियो हिजो
मौसम उजाड भयो
लुछ्न छाडेनन् भ्रष्टहरू । (अर्याल, हिपत, पृ. १०३)

प्रस्तुत साइनोमा मानवीय जीवनमा हिजो सत्यता थियो आज त्यो उजाड भएर गएको छ । यसले गर्दा राजनीतिक, समाज र विकास निर्माणमा भएका भ्रष्टाचारको विषयवस्तु रहेको छ ।

### लयात्मकता

लयात्मकता साहित्यका अन्य विधाबाट भिन्न तुल्याउने साइनोको एक अपरिहार्य तत्त्व हो । साइनो पनि गद्य कविताको एउटा स्वरूप भएकाले वाचनमा वर्णहरूको उच्चारण आरोहअवरोह र विश्राम उत्पन्न हुने शक्ति लयात्मकता हो । लयका सहायताले भावहरूको संयोजन हुन्छ । साइनोको लयनिर्माणमा अनुप्रास तथा अलङ्कारका साथै वर्णनिर्मित शब्द रहन्छन् ।

वर्षा चुहिने छानो
अभाव सङ्गै सलह
बाँच्नु मात्र जिन्दगी हो र ? (ढकाल, *साइनो सारथी,* पृ. ६७)

यस साइनोमा पनि छन्दमुक्त लय रहेको छ । साइनो छन्दमुक्त गद्य कविता भएकाले यस साइनोमा आन्तरिक लय सङ्गीत रहेको छ । अनुप्रास यसमा नरहे पनि वर्ण निर्मित शब्दले र शब्द उच्चार्यको आरोहअवरोहले साइनोलाई श्रुतिरम्य बनाएका छन् । यसरी साइनोलााई सामान्यभन्दा ओजपूर्ण बनाउनका लागि लयात्मकता महत्त्वपूर्ण रहेको देखिन्छ ।

**भाषाशैली**

भाषाशैली साइनोमा भाषा र शैली दुवै विशिष्ट घटक हुन् । साइनोमा कस्तो भाषाको प्रयोग गरिएको छ भन्ने कुरा भाषासँग सम्बन्धित छ भने कसरी प्रयोग गरिएको छ भन्ने कुरा शैलीसँग सम्बन्धित छ । भाषा व्यक्त गर्ने माध्यम हो भने शैली व्यक्त गर्ने तरिका हो । साइनोमा भाव र त्यसबाट उत्पन्न हुने विचारलाई प्रभावकारी तरिकाले व्यक्त गर्ने एक अनिवार्य तत्त्व भाषाशैली हो । यसमा प्रयोग हुने भाषा सामान्य बोलीचालीको भाषाभन्दा विशिष्ट हुनुका साथै सौन्दर्यपूर्ण हुन्छ । साइनोमा कलात्मक शब्द संयोजन हुनुका साथै जीवनजगत्का यथार्थतालाई बिम्ब, प्रतीकलाई मिलाएर अभिव्यक्त गर्ने भूमिका भाषाको रहन्छ । तीनै खालको शब्दशक्ति प्रयोग गर्न सकिने साइनोमा सौन्दर्यपूर्ण भाव व्यक्त हुन्छ । यसमा मुख्य गरी गद्यात्मक भाषाशैलीको प्रयोग रहेको हुन्छ ।

नदी सुकेर गयो
बालुवा भुटिइरह्यो
तन मनको आँगनमा । (पादुका, २०७७, पृ. ६१)

माथिको साइनोमा भाषाशैली सशक्त बनेर आएको छ । यसको भाषा सामान्य नभएर विशिष्ट खालको हुन्छ । विशिष्ट खालको भाषाशैली अपनाएको यस साइनोमा नदी सुकेको र बालुवा भुटिएको अवस्थामा केवल तनमनको आगमन भएको भाव अभिव्यक्त भएको छ ।

**संरचना**

संरचना तत्त्वबाट निर्मित एक विशिष्ट प्रकारको रचना साइनो हो । यसमा सात, आठ र नौ सङ्ख्याका पूर्ण अक्षरगुच्छाको संयोजन हुन्छ । यसमा प्रयोग भएका तीन पङ्क्तिका तीन स्वतन्त्र अर्थ तथा समष्टिमा समुच्च अर्थबोध रहन्छ ।

बिहानको सद्भाव
युधिष्ठिर बन्छ मन
साँझसम्म नारदै शैली । (श्रेष्ठ, *हिपत,* पृ. ८८)

यस साइनोलाई हेर्दा पहिलो पङ्क्तिमा सात अक्षर रहेका छन् जसले बिहानको स्वच्छ समयलाई सद्भावको रूपमा लिइएको देखिन्छ । दोस्रो पङ्क्ति आठ अक्षरको रहेको छ जसले युधिष्ठिरको जस्तो मन हुनुपर्ने कुरालाई सङ्केत गरेको छ । तेस्रो पङ्क्ति नौ अक्षरमा संरचित छ जसले सदा नारद शैली रहेको प्रवृत्तिलाई बुझाएको छ । यी तीनै पङ्क्तिको समुच्चय अर्थ भने गतिशील तथा स्वार्थी मानिसको स्वभाव भन्ने बुझाएको छ ।

**बिम्ब र प्रतीक**

बिम्ब र प्रतीक साइनोमा प्रयोग गरिने समान प्रकृतिका सामग्री भए पनि यी दुई ओटै कुरा फरकफरक हुन् । नवीन बिम्ब तथा प्रतीकको प्रयोग गरेर साइनोलाई आकर्षक, मनोरम, सुन्दर र कलात्मक बनाइएको हुन्छ । त्यसैले साइनोमा बिम्ब र प्रतीकको आवश्यकता हुन्छ ।

बिम्ब भनेको छाया, प्रतिमूर्ति वा शब्दचित्र हो । यसले साइनोमा अर्थ स्पष्ट पार्ने कार्य गर्नुका साथै मूर्तरूप प्रदान गर्दछ । त्यसैले बिम्बलाई मुख्य अर्थको सहचर प्रतिच्छायाका रूपमा आउने अर्को सहप्रस्तुति वा सहवर्ती अर्थ (त्रिपाठी, २०५३, पृ. २०) मानिन्छ । यसले गर्दा साइनोमा बिम्बले छायारूपसहितको सौन्दर्य प्रदान गर्दछ ।

जन्माएँ प्रान्तहरू
न्वारन गर्ने भएनन्
साइनो भएका टाक्सिए । (पोखरेल, २०७७, पृ. २४)

प्रस्तुत साइनोमा पनि प्रान्त जन्माउने र न्वारन गर्ने कुरा बिम्बका रूपमा आएको देखिन्छ । यहाँ प्रत्यक्ष रूपमा नआए पनि अप्रत्यक्ष रूपमा बिम्ब रहेको छ ।

गहन अर्थलाई सङ्केत गर्ने साइनोको रूपपरक तत्त्व प्रतीक हो । यो कुनै वस्तु वा भावको कल्पना गरी वस्तु वा चिन्हका रूपमा आउँछ । प्रतीकले एकातिर अमूर्त र अव्यक्त भावलाई भिन्न ढाँचाले मूर्तता दिने काम गर्छ भने अर्कातिर धेरै शब्द खर्च गरेर भन्नुपर्ने कुरालाई थोरै शब्दमा मिठोसँग भन्दछ । (बराल र एटम, २०५६, पृ. २)

व्यस्त सधैँ जिन्दगी
कहीँ नपुगेको यात्रा
बुख्याँचाहरूको हतारो ।

प्रस्तुत साइनोमा कहीँ नपुगेको यात्रा र बुख्याँचाहरू प्रतीकका रूपमा आएका छन् । जसले पुग्ने यात्रा नपुगेको वा सफल हुन नसकेको सङ्केत गरेको छ भने बुख्याँचाले धपाउनका लागि गजधुम्म बनेको छ । यसबाट पनि साइनोमा प्रतीकको सफल प्रयोग भएको कुरा प्रमाणित गर्दछ ।

**सौन्दर्यात्मकता**

सौन्दर्यात्मकता पनि साइनोको एक महत्त्वपूर्ण पक्ष हो । यसले सुन्दर पक्षलाई निरपेक्ष रूपमा नभई जीवनोपयोगितासँग जोडेर हेर्ने कार्य गर्दछ । साइनोले कतिसम्म सम्प्रेषण गर्न सक्दछ भन्ने कुराको मूल्याङ्कनसमेत गर्दछ । यही कारण साइनोमा सौन्दर्यात्मकताको प्रभावकारिता बढेर जान्छ ।

श्रमिक भोकै मर्छ
डुङ्गा पसिनामा तर्छ
शुभकामनाले डकार्छ । (राई, २०७७, पृ. १२०)

प्रस्तुत साइनोमा आजका निर्धा गरिब मान्छेलाई नेताकै बोलीले शोषण गरेको सौन्दर्य पक्ष आएको छ । नेपाली राजनीतिक पक्ष, समाज, धर्म संस्कृतिमा रहेका विकृति विसङ्गति वा अन्य पक्षलाई कलात्मक ढङ्गबाट प्रस्तुत हुन सक्नु साइनोको सौन्दर्य पक्ष हो ।

**निष्कर्ष**

साइनोले थोरै शब्दमा पृथक ढङ्गको रसास्वादन गराउँछ । यसले मानव मस्तिष्कलाई एक खालको गहन आभास दिलाई व्यङ्ग्य प्रदान गर्दछ । साइनो २०७६ साउन १६ मा जन्मेर छोटो

समयमा यसका सैद्धान्तिक परिचयसहितका दस्तावेज तथा पुस्तकहरू प्रकाशन भएका छन्। यसो हुनु साइनोको उन्नयन हो। साइनो मनमस्तिष्कलाई मन्थन गरेर स्वतन्त्र र समुच्चय अर्थबोध गराई सात, आठ र नौ अक्षरका तीन हरफमा संरचित भएको मानवहृदयलाई आह्लादित तुल्याउने आफैँमा पूर्ण भएको एक मौलिक सिर्जनात्मक छोटो कविता हो। यसले सूत्रात्मक ढङ्गबाट व्यक्ति-व्यक्तिबिचको सम्बन्ध देखाउन, व्यक्ति र समाज अनि समाज र राष्ट्रबिचको सम्बन्ध स्थापित गर्नुका साथै मानवीय जीवनजगत्का अनुभूतिलाई स्थापित गर्ने कार्य गर्दछ। संरचनात्मक रूपमा हेर्दा साइनोमा पहिलो पङ्क्ति वा गुच्छामा सात पूर्ण अक्षर, दोस्रो पङ्क्ति वा गुच्छामा आठ पूर्ण अक्षर र तेस्रो पङ्क्ति वा गुच्छामा नौ पूर्ण अक्षर समावेश हुन्छन्। तीन पङ्क्तिमा जम्मा चौबिस अक्षरमा साइनो संरचित हुन्छ। यसमा लयात्मकता, विशिष्ट भाषाको प्रयोग, भाव वा विचारको अभिव्यक्ति, सौन्दर्यमूलकता जस्ता विशेषता रहेका हुन्छन्। साइनोका संरचक घटकहरू धेरै हुन सक्छन् तर महत्त्वपूर्ण घटकका रूपमा भाव वा विचार, विषयवस्तु, लयात्मकता, भाषाशैली, संरचना, बिम्ब, प्रतीक, दृष्टिबिन्दु र सौन्दर्यात्मकता रहेका छन्। यी तत्त्वले एक सिङ्गो साइनोको स्वरूप प्रदान गरेका हुन्छन्।

## सन्दर्भ सामग्रीसूची


अर्याल, शेखर (२०७८). "छायादत्त न्यौपानेका केही साइनो". *समष्टि.* ४१ (११२), पृ. १५६-१६४।

कणेल, हरिभक्त (२०७६). "विद्युतीय प्रतिक्रिया". *शब्दाङ्कुर* साहित्यिक मासिक. ९ (२१७), पृ. ३०।

गौतम, ध्रुवचन्द्र र अरू (सम्पा.) (आषाढ, २०७८). *समष्टि* पत्रिका. काठमाडौँ : कृषि विकास बैङ्क।

त्रिपाठी, वासुदेव र अरू (सम्पा.) (२०५३). *नेपाली कविता भाग ४.* ललितपुर : साझा प्रकाशन।

न्यौपाने, छायादत्त 'बगर' (असोज, २०७६). "साइनो संक्षिप्त परिचय". *शब्दाङ्कुर* साहित्यिक मासिक. ९ (२१६), पृ. १६०।

न्यौपाने, छायादत्त र अरू (सम्पा.) (कार्तिक, २०७६). "साइनोबारे अलिकति कुरा". *शृङ्खला* साहित्य मासिक. ९ (१४६), पृ. २२०।

न्यौपाने, छायादत्त र अरू (सम्पा.) (पुस, २०७६). साइनो. पुस्तकालय आवाज मासिक. ९ (६), पृ. १९०।

न्यौपाने, छायादत्त र अरू (सम्पा.) (२०७६). 'साइनोसम्बन्धी सैद्धान्तिक विमर्श'. *अग्निचक्र* राष्ट्रिय मासिक. ९ (१०४), पृ. १३०।

न्यौपाने, छायादत्त र अरू (सम्पा.) (२०७७). *साइनो सारथी.* काठमाडौँ : साइनो वाङ्मय प्रतिष्ठान।

न्यौपाने, छायादत्त र अरू (सम्पा.) (२०७९). *साइनो सौरभ.* काठमाडौँ : साइनो वाङ्मय प्रतिष्ठान।

बराल, कृष्णहरि र नेत्र एटम (२०५६). *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.* ललितपुर : साझा प्रकाशन।

शिवाकोटी, दुर्गादेवी (सम्पा.) (२०७७). *हिपत* मासिक खबर पत्रिका. ७ (५)।

पोखरेल, खेमलाल (माघ ११, २०७६). "नयाँ विधा : साइनोको विकास". *झापा पोस्ट* राष्ट्रिय दैनिक र *ब्लास्ट* राष्ट्रिय दैनिक।

सुमी लोहोनी (पुस, २०७६). "नयाँ विधाको सैद्धान्तिक विमर्श". *संयोजन* साहित्यिक मासिक. १८८, पृ. १९-२३।